# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ ०७८-५७५३९६, ५७५०१०
ईमेल: Devchulimunicipality@gmail.com


मिति : २०७६।१०।१६

## शुभकामना सन्देश

सहिद दिवस-२०७६ का अवसरमा देश र जनताका लागि आफ्नो जीवन बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुमा सुख-शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको शुभकामना समेत प्रकट गर्दछु ।

जहानिया राणाशासनको क्रुर कालखण्डमा प्रजातन्त्र प्राप्तिका लागि आफ्नो जीवनलाई सहजै देशका लागि आहुति दिने चार महान सहित तथा प्रजातन्त्र पुनःस्थापना एवम् संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनका लागि सहादत प्राप्त गर्ने सम्पूर्ण वीर सपुतहरु सदा हामी सबैका पथप्रदर्शक र आदर्श व्यक्तित्वका रुपमा रहिरहनु हुनेछ ।

संविधानको मर्म र भावना अनुरुप सह-अस्तित्व, सहकार्य र समन्वयको सिद्धान्त बमोजिक संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धलाई प्रगाढ बनाउँदै सहिदको बलिदानी र त्यागको फलस्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र मार्फत **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाँक्षा पुरा गर्न सक्दामात्र महान सहिदप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ । यसको लागि सबै राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज र सम्पूर्ण नेपाली एकजुट भएर लाग्न यस दिनले हामी सबैलाई प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा गर्दछु ।

अन्त्यमा, महान सहिदहरुको त्याग र बलिदानको उच्च सम्मान गर्दै उनीहरुको सपना साकार पार्न र उनीहरुले देखाएको बाटोमा अघि बढ्न स्थानीय सरकार प्रयत्नशील रहेको र रहिरहने प्रण समेत व्यक्त गर्दछु ।

नगर प्रमुख
पूर्ण कुमार श्रेष्ठ

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख